सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# नयाँ पत्रिका

nayapatrikadaily.com

३० जेठ २०८३, शनिबार (13 June 2026, Saturday) ■ नेपाल संवत् ११४६ ■ वर्ष २० ■ अंक ६१ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-



ी नगरपालिका- ७,
भट्ट/नयाँ पत्रिका

## टेक अर पेमा नयाँ पिपिए हुन्छ : ऊर्जामन्त्री

**काठमाडौं**/ ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले 'टेक अर पे' मोडेलमा नयाँ विद्युत् खरिद सम्झौता (पिपिए) गर्ने बताएका छन् । साथै, १० मेगावाटभन्दा कम क्षमताका आयोजनाको तत्काल पिपिए खुला भएको पनि उनको भनाइ छ । यसले साना तथा मध्यम प्रवर्द्धनको लगानी सुनिश्चित गरेको उनको दाबी छ । शुक्रबार काठमाडौंमा आयोजित स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)को २४औँ वार्षिक साधारणसभा एवम् आठौँ अधिवेशनलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् । आगामी दिनमा स्वच्छ ऊर्जा बन्डमार्फत हरित लगानी आकर्षित गरिने उनको भनाइ छ ।

'आगामी दिनमा स्वच्छ ऊर्जा बन्डमार्फत हरित लगानी आकर्षित गरिनेछ । साथै डायस्पोरा बन्डमार्फत गैरआवासीय नेपालीको पुँजी ऊर्जा क्षेत्रमा ल्याउने लक्ष्य लिइएको छ,' उनले भने ।

यस्तै, जलविद्युत् क्षेत्रमा स्थिर ब्याजदरमा कर्जा प्रवाहको व्यवस्था गरिने पनि उनले बताए । 'स्वच्छ ऊर्जालाई एआई र डिजिटल सेवा उद्योगसँग जोड्दै नयाँ सम्भावनाको खोजी गरिँदै छ । यिनै हाइड्रोजन प्लान्ट पाइलट आयोजनाबाट भविष्यको स्वच्छ ऊर्जा अर्थतन्त्रको आधार खोजिँदै छ,' उनले भने ।

## ज निर्यात

### आम्दानी

ार रुपैयाँ आम्दानी भएको छ ।

ै, एक हजार एक सय २० किलोग्राम उका चाना बिक्रीबाट ११ लाख २० ार रुपैयाँ, २५ हजार नौ सयवटा खरका दाना बिक्रीबाट दुई लाख ५९ ार रुपैयाँ र दुई हजार नौ सय १३ लोग्राम भटमास बिक्रीबाट तीन लाख ६१ ार रुपैयाँ आम्दानी भएको छ ।

र्सी चामल, चिनो, कागुनो र जौका कारको बिक्रीबाट पनि सामान्य आम्दानी को कार्यालयले जनाएको छ । 'जुम्लामा ादन हुने अर्गानिक कृषिउपजको ारमा अत्यधिक माग भए पनि आपूर्ति सकिएको छैन । विशेषगरी मार्सी चामल याउको माग बर्सेनि बढ्दै गएको छ । तर, ादन सीमित हुँदा मागअनुसार बजारमा लब्ध गराउन कठिनाइ भइरहेको छ,' ले भने ।

का अनुसार सिजनमा जुम्लाको स्याउ महिनाभित्रै बिक्री हुने गरेको छ । त्यस्तै, र्सी चामलको माग देशका विभिन्न सहरमा न्तर बढिरहेको भए पनि पर्याप्त उत्पादन दा उपभोक्ताको आवश्यकता पूरा गर्न कएको छैन ।

लाको हावापानी अर्गानिक खेतीका गि अत्यन्त उपयुक्त भएकाले ादन वृद्धि, प्रशोधन, भण्डारण तथा ारीकरणमा थप लगानी गर्न सके कृषि बाट अझ ठुलो आर्थिक लाभ लिन कने सम्भावना रहेको उनको भनाइ छ ।


Sanima Bank Limited invites sealed bids from registered, eligible and interested agencies/vendors for providing advertising agency related services to Sanima Bank Limited.

For further details, please visit
**https://www.sanimabank.com/know-us/notices**
or contact Bank's Corporate Affairs,
Head Office, Naxal, Kathmandu.

"Scan Me for More Details"

**SanimaBank** www.sanimabank.com

Alakapuri, Naxal, Kathmandu | Tel No.: 01-5970033 | Email: sanima@sanimabank.com



### मोल्निया पावर लि. को १५ दिने अत्यन्त जरुरी सूचना

(प्रथम पटक प्रकाशित: २०८३/०२/30 गते)

यस मोल्निया पावर लि. (कम्पनी दर्ता नं.: ११७४/०६६/०६७) ले कम्पनीमा शेयर वापत दाखिला भएको रकम विवरण अध्यावधिक गरि शेयरधनीको दर्ता किताब(लगत) तयार गरी प्रमाणित गर्ने सम्बन्धमा संचालक समितिको मिति २०८३/०२/१७ को बैठकबाट निर्णय भएकोले यस कम्पनीमा शेयर खरिद गर्ने प्रयोजनका लागि शेयर खरिदकर्ताले नागरिकता प्रमाणपत्र तथा राष्ट्रिय परिचयपत्रको प्रतिलिपि, रकम दाखिला गरेको भौचर सहित रितपूर्वकको निवेदन पेश गर्नु पर्ने भएकोले आजका मितिले १५ (पन्ध्र) दिन भित्र तपशिल बमोजिमको कम्पनीको रजिष्टर्ड कार्यालय तथा मोबाइल नम्बरमा सम्पर्क गरी निवेदन पेश गर्नु हुन अनुरोध छ । अन्यथा कम्पनीमा दाखिला भएको रकम भुक्तानी दिनुपर्ने (Payable) वापत लेखाकन गरि फिर्ता गरिने व्यहोरा यसै सुचनाद्धारा जानकारी गराइन्छ । साथै, म्याद भित्र सम्पर्कमा आई शेयरमा हक कायम गरी नलिएमा पछि कुनै किसिमको उजुर बाजुर नलाग्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

**संचालक समिति**

**मोल्निया पावर लि.**
का.जि.का.म.न.पा. वडा न. ३२, सुविधानगर, तिनकुने, काठमाडौं
सम्पर्क नं: ९८४१३१८४८२/९८५१४२२००१



### 30 दिने सूचना

**ललितपुर महानगरपालिका वडा नं. १८ को संधियारको नाममा जारि भएको सूचना सम्बन्धमा**

रीती खनालको नाममा दर्ता कायम भएको साविक कार्यविनायक न.पा./सैंबु ५ हाल ललितपुर महानगरपालिका वडा नं. १८ को कि.नं. २०३३ क्षे.फ. १५९.०४ व.मी. जग्गामा नयाँ घर निर्माणका लागि नक्सा दरखास्त परेको हुनाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार नक्सा बमोजिम नयाँ घर निर्माण गर्दा संधियारलाई पिर मर्का सन्धी सर्पन पर्ने भए सवुद प्रमाण सहित १५ दिन भित्र उजुरी दरखास्त दिन ल्याउनु होला भन्ने व्यहोराको मिति २०८३/२/२६ गतेको १५ दिन सूचना बुझाउन जाँदा पुर्व र दक्षिण तर्फ कि.नं. १७३३ का जग्गाधनी बेल कुमारी थापा र पश्चिम तर्फ कि.नं. ६१७ का जग्गाधनी दल बहादुर थापा फेला नपरेको हुँदा संधियार फेला नपरेमा राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गर्नु पर्ने व्यवस्था बमोजिम उक्त कित्ता जग्गामा नयाँ घर निर्माण गर्दा पिर, मर्का सन्धी सर्पन पर्ने भएमा सवुद प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र उजुरी दरखास्त दिन ल्याउनु हुन अनुरोध गर्दछु । दरखास्तवाला रीती खनाल । ईति सम्वत २०८३ साल २ महिना ३० गते रोज ७ शुभम् ।



कम्पनी ऐन २०६३ अन्तर्गत स्थापित (शेयरमा सिमित दायित्व भएको)

### गोरक्ष हाइड्रोपावर लिमिटेड

काठमाण्डौ - ९, बत्तिसपुतली

### विशेष साधारणसभा (SGM) बस्ने सम्बन्धी सूचना

गोरक्ष हाइड्रोपावर लि. को मिति २०८३/०२/२९ गते बसेको सञ्चालक समितिको ४१ औं बैठकको निर्णयानुसार कम्पनीको विशेष साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**विशेष साधारण सभा हुने समय तालिका**
**स्थान : होटल इम्पेरियल (Hotel Imperial),बत्तिसपुतली, काठमाण्डौ ।**
**मिति : २०८३/०३/१५ (June 29, 2026), सोमबार ।**
**समय : बिहान १० बजे देखि ।**

**छलफल तथा निर्णयका लागि पेश गरिएका विशेष प्रस्तावहरु :**

(क) कम्पनीको प्रबन्धपत्रको दफा ६ (क) लाई संशोधन गरि कम्पनीको अधिकृत पूँजी रु.१,८०,००,००,०००/- (अक्षरेपी एक अर्ब असी करोड मात्र) बाट वृद्धि गरि रु. २,२०,००,००,०००/- (अक्षरेपी दुई अर्ब बीस करोड मात्र) पुर्‍याउनका लागि आवश्यक छलफल गरि पारित गर्ने सम्बन्धमा ।

(ख) कम्पनीको प्रबन्धपत्रको दफा ६ (ख) लाई संशोधन गरि कम्पनीको जारी पूँजी रु. १,८०,००,००,०००/- (अक्षरेपी एक अर्ब असी करोड मात्र) बाट वृद्धि गरि रु. २,२०,००,००,०००/- (अक्षरेपी दुई अर्ब बीस करोड मात्र) पुर्‍याउनका लागि आवश्यक छलफल गरि पारित गर्ने सम्बन्धमा ।

(ग) कम्पनीको प्रबन्धपत्रको दफा ६ (घ) लाई संसोधन गरि जारी पूँजी मध्ये संस्थापक समूहलाई ८० प्रतिशतका दरले हुन आउने शेयरको संरचना घटाई ७५ प्रतिशत बनाउने र सर्वसाधारणलाई २० प्रतिशतका दरले हुन आउने शेयरको संरचना बढाई २५ प्रतिशत पुर्‍याउनका निम्ति छलफल गरी पारित गर्ने सम्बन्धमा ।

(घ) कम्पनीको प्रबन्ध पत्रको दफा ६ (घ) बमोजिम जारी पूँजीको २५ प्रतिशतका दरले हुन आउने शेयर सर्वसाधारणमा जारी गर्ने जसमध्ये जारी पूँजीको १० प्रतिशतका दरले हुन आउने शेयर आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुलाई र बाँकी १५ प्रतिशत शेयर सर्वसाधारणमा (जसमध्ये सर्वसाधारणलाई छुट्याईएको शेयरको १० प्रतिशत शेयर श्रम स्विकृति लिएर वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरुलाई, २ प्रतिशत शेयर संस्थामा कार्यरत कामदार/कर्मचारीहरुलाई र ५ प्रतिशत शेयर सामुहिक लगानी कोषहरुलाई सुरक्षित समेत) प्राथमिक सार्वजनिक शेयर (IPO) निष्काशन गर्ने सम्बन्धमा ।

(ङ) प्राथमिक सार्वजनिक शेयर (IPO) निष्काशन सँग सम्बधित काम कार्यवाहि अगाडि बढाउन स्वीकृतीको लागि नियमनकारी निकायमा पेश गर्दा नियमनकारी निकायबाट कुनै पनि विषयमा संशोधन वा परिवर्तन गर्न कुनै निर्देशन वा कैफियत प्राप्त भएमा सो समेत मिलाई संशोधन वा परिवर्तन लगायत अन्य कार्यहरु समेत गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

(च) प्राथमिक सार्वजनिक शेयर (IPO) निष्काशनबाट प्राप्त हुने रकमको उपयोग सम्बन्धमा ।

(छ) विविध

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**